**आकाशवाणी समाचार- नेपाली**

मितिः २२ मार्च २०२६

समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- प्रधान मन्त्री नरेन्द्र मोदीले हिज इरानका राष्ट्रपति डा. मसुद पेजेश्कियान सित कुरा गर्नु हुदै ईद र नवरोजको अवसरमा उहाँलाई शुभकामना दिनु भयो। दुवै नेताले महोत्सवको अवसरमा पश्चिम एसियामा शान्ति, स्थायित्व र समृद्धिका लागि प्रार्थना गर्नु भयो।

- विदेश मंत्री डॉ. एस. जयशंकरले हिज साझ ईरानका विदेश मंत्री सैयद अब्बास अराघची सित बातचित गर्नु भयो। उहाँले श्री अराघचीलाई  नवरोज अनि ईदको शुभकामना दिनु भयो।

- रक्षा मंत्रीले प्रधानमंत्री नरेन्द्र मोदीको नेतृत्वमा  सरकारले आधुनिक हथियार अनि प्रौद्योगिकिहरु सित रक्षा बलहरुलाई  सुसज्जित गराउने अनि युवाहरुमा अनुशासनलाई बढावा दिनमा कुनै कसर बाकी नराख्ने बताउनु भएको छ।

- सरकारले नागरिकहरूलाई पेट्रोल, डिजेल वा एलपीजीको कुनै अभाव नरहेको आश्वासन दिएको छ र मध्यपूर्वमा तनावका बीच सरकारको उपायलाई सुदृढ बनाउँदा नआत्तिन आग्रह गरेको छ।

- भारतीय क्रिकेट कन्ट्रोल बोर्ड (बीसीसीआई) ले आयरल्यान्ड भ्रमणका लागि आगामी जुनमा दुई खेलको टी–२० सिरिजको तालिका सार्वजनिक गरेको छ।

**प्रधानमंत्री नरेन्द्र मोदी**

प्रधान मन्त्री नरेन्द्र मोदीले हिज इरानका राष्ट्रपति डा. मसुद पेजेश्कियान सित कुरा गर्नु हुदै ईद र नवरोजको अवसरमा उहाँलाई शुभकामना दिनु भयो। दुवै नेताले महोत्सवको अवसरमा पश्चिम एसियामा शान्ति, स्थायित्व र समृद्धिका लागि प्रार्थना गर्नु भयो। प्रधानमन्त्री मोदीले सामाजिक सञ्जालमा पोष्ट गर्नु हुदै यस क्षेत्रका महत्वपूर्ण पूर्वाधार केन्द्रहरूमा भएको आक्रमणको निन्दा गर्नु भएको छ। उहाँले नौवहनको स्वतन्त्रताको रक्षा गर्ने कुरामा जोड दिनु भयो। प्रधानमन्त्रीले जहाजरानी मार्गहरू खुला र सुरक्षित रहेको सुनिश्चित गरिनु पर्ने बताउनु भयो। श्री मोदीले इरानमा भारतीय नागरिकहरूको सुरक्षा र सुरक्षाका लागि इरानको निरन्तर समर्थनको प्रशंसा गर्नु भयो।

**विदेश मंत्री डॉ. एस. जयशंकर**

विदेश मंत्री डॉ. एस. जयशंकरले हिज साझ ईरानका विदेश मंत्री सैयद अब्बास अराघची सित बातचित गर्नु भयो। उहाँले श्री अराघचीलाई  नवरोज अनि ईदको शुभकामना दिनु भयो। सोशल मीडिया पोस्टमा डॉ. जयशंकरले बातचीत संघर्ष सित संबंधित नवीनतम घटनाक्रमहरु अनि व्यापक क्षेत्रमा यसको प्रभावहरुको बारेमा भएको बताउनु भयो।

**रक्षा मंत्री राजनाथ सिंह**

रक्षामन्त्री राजनाथ सिंहले आर्थिक, डिजिटल, ऊर्जा र खाद्य क्षेत्रका साथै राष्ट्रिय सुरक्षालगायत आधुनिक युद्ध सीमाबाट टाढा गएको बताउनु भएको छ । उत्तराखण्डको सैनिक स्कूल घोराखालको स्थापना दिवस तथा हीरक जयन्ती समारोहलाई भिडियो कन्फरेन्समार्फत सम्बोधन गर्नु हुदै श्री सिंहले नागरिकहरूको सतर्कता र सहयोग सहित बलियो सेनाको आवश्यकतामाथि जोड दिनुभयो र, आजको द्वन्द्वमा साइबर, अन्तरिक्ष र सूचना युद्ध पनि समावेश रहेको बताउनु भयो ।रक्षा मंत्रीले भन्नु भयो प्रधानमंत्री नरेन्द्र मोदीको नेतृत्वमा सरकारले आधुनिक हथियार अनि प्रौद्योगिकिहरु सित रक्षा बलहरुलाई सुसज्जित गराउने अनि युवाहरुमा अनुशासनलाई बढावा दिनमा कुनै कसर बाकी छोडेको छैन । उहाँले पब्लिक-प्राइवेट पार्टनरशिप – पी.पी.पी. मॉडल अन्तर्गत एक सय नयन सैनिक स्कूल स्थापित गरिने एन.सी.सी मा रहेका रिक्त पदको संख्या पनि बढाइने बताउनु भयो । रक्षा मंत्रीले सैनिक स्कूलहरुमा बालिकाहरुको भर्नालाई एक ऐतिहासिक कदम बताउनु भयो । उहाँले यी बालिकाहरु नारी शक्ति को ध्वज वाहक बन्ने तथा विभिन्न क्षेत्रमा उचाइमा पुग्ने पनि बताउनु भयो ।

## माय भारत पॉडकास्ट

युवा मामिला तथा खेलकुद मन्त्रालयले विकसित भारतलाई प्रेरित गर्ने गाथाहरू बताउन माई भारत पोडकास्ट श्रृंखला सुरू गरेको छ। यस पहलको उद्देश्य दृढता, लगनशीलता र उद्देश्यका सत्य कथाहरू बाहिर ल्याउनु हो, जसले युवाहरूलाई सिक्न र बढ्न प्रेरणादायक प्लेटफर्म प्रदान गर्दछ। पहिलो एपिसोड, "वह सपना जिसने हार नहीं मानी," अब उपलब्ध छ, जसमा डा. अनुज अग्निहोत्रीको कथा छ, जसले संघ लोक सेवा आयोगको सिविल सेवा परीक्षा 2025 मा देशमा पहिलो स्थान प्राप्त गरे। एपिसोडले अग्निहोत्रीको प्रारम्भिक आकांक्षाबाट राष्ट्रको सर्वोच्च उपलब्धिहरू मध्ये एक प्राप्त गर्न उनको यात्रा दर्साउद । यो पोडकास्ट माई भारत पोर्टलमा मात्र उपलब्ध छ । गहन र रोचक कुराकानीको माध्यमबाट, यस एपिसोडले सफलताको पछाडिको वास्तविक यात्रालाई बाहिर ल्याउँछ, अनुशासनको भूमिका, असफलताबाट पाठ, आत्म-शंकाको क्षणहरू, र स्थिरताका साथ अगाडि बढ्नको लागि आवश्यक मानसिकता प्रदर्शन गर्दछ।

## सिक्किम - भूकंप

उत्तरी सिक्किमको मंगनमा हिज साँझ ४.१ म्याग्निच्युडको भूकम्प गएको छ। भूकम्पको केन्द्रविन्दु करिब 14 किलोमिटर गहिराईमा रहेको थियो । मानवीय तथा भौतिक क्षतिको विवरण भने प्राप्त भएको छैन । आगामी 24 घण्टाभित्र गान्तोक र पाक्योङ जिल्लामा 3 हजार 5 सय मिटरको उचाइमा हिमपहिरो आउन सक्ने चेतावनी दिइएको छ । सिक्किम स्टेट डिजास्टर म्यानेजमेन्ट अथोरिटीले चण्डीगढ स्थित डिफेन्स जियो इन्फर्मेटिक्स रिसर्च इन्स्टिच्युटले जारी गरेको अलर्ट प्रसारण गरेको छ । उच्च हिमाली क्षेत्रमा बसोबास गर्ने, पर्यटक र पर्वतारोहीहरूलाई सावधानी अपनाउन र संवेदनशील क्षेत्रमा नजान अधिकारीहरूले आग्रह गरेका छन्। स्थितिलाई निरन्तर निगरानी गरिदै छ ।

## सीबीआई - रिलायंस कम्युनिकेशंस

केंद्रीय अन्वेषण ब्यूरो-सीबीआईले हिज रिलायंस अनिल धीरूभाई अंबानी समूहको वरिष्ठ अधिकारिहरुको करोड़रौ रुपियाको ब्यांक धोखाधड़ी मामिलमा सोद्पुछ गरेको छ । 2 हजार 900 करोड़ रुपिया भन्दा अधिकको धोखाधड़ीको भारतीय स्टेट ब्यांकको शिकायत पछि यो मामिला दर्ता गरिएको थियो । जांच एजेंसी अनुसार, प्राथमिकीमा रिलायंस कम्युनिकेशंस लिमिटेड, यसको प्रमोटर अनिल धीरूभाई अंबानी लगायत अन्य अज्ञात सरकारी अधिकारिहरुको नाम शामिल छ ।

जांच अन्तर्गत सीबीआईले रिलायंस अनिल धीरूभाई अंबानी समूहको दुइ समूह प्रबंध निदेशहरु गौतम दोषी र सतीश सेठलाई दिल्ली स्थित आफ्नो मुख्यालयमा बोलाएको थियो । उनीहरु सित दिन भरि सोधपुछ गरिएको थियो । यस सप्ताहको आरंभमा यस समूहको एक अन्य समूह प्रबंध निदेशक अमिताभ झुनझुनवाला सित पूछताछ गरिएको थियो ।

## भारत-अफ्रिका विद्युत शिखर सम्मेलन

भारत विद्युत शिखर सम्मेलन २०२६ को तेस्रो दिन हिजो नयाँ दिल्लीमा भारत-अफ्रिका रणनीतिक साझेदारी बैठक आयोजना गरिएको थियो। बैठक ऊर्जामन्त्री मनोहरलालको अध्यक्षतामा बसेको थियो । अन्य सहभागीहरूमा विद्युत र नवीन र

नवीकरणीय ऊर्जा राज्य मन्त्री श्रीपाद नाइक, हरियाणाका मुख्यमन्त्री नायब सिंह सैनी, मलावीका ऊर्जा र खनन मन्त्री डा. जीन मथांगा र धेरै अफ्रिकी राष्ट्रका मन्त्रीहरू र उद्योगका नेताहरू उपस्थित हुनुहुन्थियो।

छलफलहरूले भारत र अफ्रिकाले ठोस परिणामहरू प्रदान गर्नमा केन्द्रित एक संरचित र कार्य-उन्मुख साझेदारीको माध्यमबाट आफ्नो संलग्नतालाई गहिरो बनाउने स्पष्ट र अग्रगामी दृष्टिकोणलाई प्रतिबिम्बित गर्यो। बैठकमा नवीकरणीय ऊर्जा विस्तार, अन्तरसम्बन्धित ग्रिड प्रणालीको विकास, ऊर्जा भण्डारण र लचिलोपन समाधानको विकास र संस्थागत सुदृढीकरणमार्फत क्षमता अभिवृद्धिका क्षेत्रमा दुवै देशले मिलेर काम गर्ने दोहोर्याएको छ। दुवै पक्षले दीर्घकालीन सामाजिक–आर्थिक रूपान्तरणलाई गति दिने समावेशी, समतामूलक र भविष्यका लागि तयार ऊर्जा इकोसिस्टम निर्माण गर्ने उद्देश्यका साथ लगानीमुखी सहकार्य, प्रविधि हस्तान्तरण र सार्वजनिक–निजी साझेदारीको महत्वमाथि प्रकाश पारेका छन्।

सभालाई सम्बोधन गर्दै ऊर्जा मन्त्री मनोहर लालले आर्थिक वृद्धिलाई अगाडि बढाउन, गरिमा सुनिश्चित गर्न र अवसरहरू खोल्नका लागि ऊर्जा महत्त्वपूर्ण रहेको बताउँदै एक सूर्य, एक विश्व, एक ग्रिडको दृष्टिकोणलाई विश्वव्यापी ऊर्जा कनेक्टिभिटीको लागि रूपान्तरणकारी मार्गको रूपमा प्रकाश पर्नु भयो। मन्त्रीले अफ्रिकी साझेदारहरूलाई न्यानो स्वागत गरे र भरपर्दो, किफायती र दिगो ऊर्जा प्राप्त गर्ने साझा प्रतिबद्धतालाई जोड दिनु भयो। उहाँले भन्नुभयो, भारत र अफ्रिका, जसले विश्वको जनसंख्याको लगभग एक तिहाइ प्रतिनिधित्व गर्छन्, समावेशी, न्यायसंगत र भविष्यको लागि तयार विकासका लागि साझा आकांक्षाहरू साझा गर्छन्।

**<u>व्यावसायिक एलपीजी</u>**

सरकारले राज्यहरूलाई व्यावसायिक एलपीजीको २० प्रतिशत अतिरिक्त आवंटनलाई अनुमोदन गरेको छ, जसलाई अब ५० प्रतिशत पुर् याइनेछ। यसमा सहज सुधारका आधारमा पीएनजी विस्तारका लागि १० प्रतिशत विनियोजन पनि समावेश छ। प्रदेश तथा स्थानीय तहले सञ्चालन गरेका रेष्टुरेन्ट, ढाबा, होटल, औद्योगिक कैंटीन, डेरी, सहुलियतपूर्ण क्यान्टिनलगायत सेवा क्षेत्रलाई प्राथमिकताका आधारमा उक्त रकम प्रदान गरिनेछ। यस सम्बन्धमा पेट्रोलियम र प्राकृतिक ग्यास मन्त्रालयका सचिव नीरज मित्तलले सबै राज्य र केन्द्र शासित प्रदेशका मुख्य सचिवहरूलाई यो आवंटन सोमबारदेखि लागू हुने बताउनु भएको छ। उहाँले सबै व्यावसायिक र औद्योगिक एलपीजी उपभोक्ताहरूले 50% को कुल आवंटनबाट व्यावसायिक एलपीजी प्राप्त गर्न योग्य हुनु अघि तेल मार्केटिंग कम्पनीहरूमा दर्ता गर्नुपर्ने बताउनु भएको छ।
सरकारले नागरिकहरूलाई पेट्रोल, डिजेल वा एलपीजीको कुनै अभाव नरहेको आश्वासन दिएको छ र मध्यपूर्वमा तनावका बीच सरकारको उपायलाई सुदृढ बनाउँदा नआत्तिन आग्रह गरेको छ।

**<u>तिब्बत - जातीय एकता कानून</u>**

तिब्बतको निर्वासित सरकारका नेताहरुले चीन द्वारा पारित जातीय एकता अनि प्रगति प्रोत्साहन कानूनको कडा निंदा गरेका छन्। उनीहरुले यसले तिब्बत र अन्य क्षेत्रमा चीनको दमन अझ बढ्ने बताएका छन्। यसै महीनाको 12 तारीख चीनका राष्ट्रपति शी जिनपिंग द्वारा हस्ताक्षरित यो कानून यसै वर्ष 1 जुलाई देखि लागू हुनेछ। तिब्बती नेताहरुले यस कदमलाई दीर्घकालिक दमनकारी कार्रवाई बताएका छन् यसले तिब्बती, उइघुर र अन्य अल्पसंख्यक संस्कृतिहरुलाई नष्ट गर्नेछ।

**<u>ट्रंप अल्टीमेटम - ईरान</u>**

अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले 48 घण्टाभित्र इरानले स्ट्रेट अफ हर्मुज नखोले इरानका पावर प्लान्टहरूमा आक्रमण गर्ने र नष्ट गर्ने धम्की दिनु भएको छ। श्री ट्रम्पले आज बिहान ट्रुथ सोशलमा यो अल्टिमेटम जारी गनु भएको हो, जसमा उहाँले इरानलाई महत्त्वपूर्ण जलमार्ग खोल्न ठीक 48 घण्टाको समय दिनु भएको छ।

**<u>श्रीलंकामा इन्धन मूल्य</u>**

विश्व बजारमा तेलको मूल्य बढेपछि पश्चिम एसिया क्षेत्रमा तनाव बढ्दै गएको भन्दै श्रीलङ्काको सरकारी कम्पनी सिलोन पेट्रोलियम कर्पोरेशनले इन्धनको मूल्यमा भारी वृद्धि गरेको छ।

-

**क्रिकेट - भारत बनाम आयरलैंड**

भारतीय क्रिकेट कन्ट्रोल बोर्ड (बीसीसीआई) ले भारतीय क्रिकेट टिमको आयरल्यान्ड भ्रमणका लागि आगामी जुनमा दुई खेलको टी–२० सिरिजको तालिका सार्वजनिक गरेको छ। मेन इन ब्लूले पहिलो टी–२० खेल जुन २६ मा बेलफास्टमा खेल्नेछ भने दोस्रो र अन्तिम टी–२० खेल जुन २८ मा सोही मैदानमा खेल्नेछ।